आज मिति २०८१।०२।०१ गते मंगलबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८०।८१ कार्यपालिका बैठक, मिति: २०८१।०२।०१ गते, बैठक संख्या: १७ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १७.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. १७.२ बजेट, नीति तथा कार्यक्रम तयारी सम्बन्धमा,

प्रस्ताव नं. १७.३ घरनक्सा अभिलेखिकरण कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १७.४ स्थानीय विकास पूर्वाधार सहयोग कार्यक्रमको प्रतिवद्दता सम्बन्धमा,

प्रस्ताव नं. १७.५ आगामी आ.व.२०८१।०८२ को लागि प्रदेशमा माग गर्ने योजनाहरु सम्बन्धमा,

प्रस्ताव नं. १७.६ (५०/५०) लागत साझेदारीबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १७.७ कन्टिन्जेन्सी रकम खर्च सम्बन्धमा,

प्रस्ताव नं. १७.८ विविध ।

*बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्या: १७ मिति: २०८१।०२।०१ का निर्णयहरु:-*

**प्रस्ताव नं. १७.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,**
**निर्णय नं. १७.१** यस अघिको कार्यपालिका बैठक मिति: २०८०।०१।१८ गतेको बैठकमा विभिन्न ३ वटा कानूनहरु स्वीकृत भई कार्यान्वयनमा रहेको, नगरको मध्येकालिन खर्च संरचना (MTEF)को लागि कार्यदल गठन र अन्तर शाखा समन्वय कार्य अगाडी बढेको, संघबाट नगरपालिकालाई प्राप्त हुने वित्तिय समानिकरण अनुदान हस्तान्तरण सम्बन्धमा महालेखा नियन्त्रकको कार्यालयबाट भएको परिपत्रानुसार कार्य गर्ने गरी छलफल भएको, पूर्णखोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा गरिएको, पूर्णखोप स्थानीय तह घोषणाका लागि सिफारिस गरिएको, खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भएको र विद्यालयहरुको पूर्वाधार निर्माण कार्यको लागि विभिन्न विद्यालयहरुको लागि आवश्यकता पहिचान गरी बजेटको व्यवस्थापन गरिएको ।

**प्रस्ताव नं. १७.२ आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि संक्षिप्त कार्यतालिका सम्बन्धमा,**
**निर्णय नं. १७.२** यस बाणगङ्गा नगरपालिकाको लागि आर्थिक वर्ष २०८१।०८२ को लागि गरिने बजेट, योजना तथा कार्यक्रम तर्जुमाको लागि अघिल्लो कार्यपालिकाको बैठकमा स्वीकृत भए बमोजिम निम्नानुसार संक्षिप्त कार्यतालिका स्वीकृत गरी कार्यक्रम सरलिकरण गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | मिति |
|---|---|---|
| १. | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | २०८१।०२।०४ |
| २. | लेखा समिति | २०८१।०२।०४ |
| ३. | राजस्व परामर्श समितिको बैठक (आर्थिक विधेयक तयारी) | २०८१।०२।०७ |
| ४. | कार्यपालिका बैठक (बजेट सिलिङ वितरण) | २०८१।०२।०७ |
| ५. | विषयगत समितिका बैठकहरु | २०८१।०२।११ गते भित्र |
| ६. | सरोकारवालाहरुसंग अन्तर्क्रिया | २०८१।०२।१७ |
| ७. | वडाहरुको योजना तर्जुमा टोलगत छलफल सहित | २०८१।०२।१५ |
| ८. | वडाहरुबाट योजना तथा कार्यक्रम प्राप्ति | २०८१।०२।२६ सम्म |
| ९. | विभिन्न योजनाहरुबाट प्रतिवेदन प्राप्ति | २०८१।०३।०१ |
| १०. | कार्यपालिका बैठक (नीति तथा कार्यक्रम सिफारिस) | २०८१।०३।०२ |
| ११. | नीति तथा कार्यक्रम प्रस्तुतिकरण | २०८१।०३।०५ |
| १२. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८१।०३।०८ |
| १३. | बजेट प्रस्तुत | २०८१।०३।१० |

**प्रस्ताव नं. १७.३ घर नक्सा अभिलेखिकरण सम्बन्धमा,**
**निर्णय नं. १७.३** यस नगरपालिका अन्तर्गत निर्माण भएका घरहरुको अभिलेखिकरण कार्यको लागि चालु आ.व.मा २०८० चैत्र मसान्त सम्म म्याद राखिएकोमा म्याद समाप्त भए पश्चात धैरै सेवाग्राहीहरुको म्याद थपको लागि अनुरोध आएकोले २०८१ जेष्ठ मसान्तसम्म अभिलेखिकरण कार्य अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. १७.४ स्थानीय विकास पूर्वाधार सहयोग कार्यक्रमको प्रतिवद्दता सम्बन्धमा,**
**निर्णय नं.** १७.४ नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले वेलायत सरकारको आर्थिक सहायतामा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालन गर्न यस नगरपालिकाको योजना तर्जुमा, सार्वजनिक खरिद, लेखा व्यवस्थापन एवं लेखा परीक्षणको प्रक्रिया/ प्रणाली अनुसार

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम बाट उपलब्ध हुने वित्तिय साझेदारी रकमलाई यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ मा कार्यान्वयन हुने गरी वार्षिक योजनामा समावेश गर्ने र LISP को पाईलट संगको वित्तिय साझेदारी कार्यक्रम अर्न्तगत ग्रामिण सडक सुधार र पुर्नस्थापन सम्बन्धी आयोजनामा ४० प्रतिशत, साना सिंचाई खानेपानी तथा सरसफाई, भवन मर्मत आयोजनामा ५० प्रतिशत, र विपद जोखिम न्यूमिकरण, जलवायु उत्थानशील र वैकल्पिक उर्जा सम्बन्धी ३० प्रतिशत लागत साझेदारीमा स्थानीय पूर्वाधार विकासका कार्य गर्न तत्पर रहेको, स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमाका साथै स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार, परिमार्जन तथा अनुमोदन गर्ने प्रतिवद्धता सहित छनौट सम्बन्धी आशय पत्र आव्हानको सूचना बमोजिम निर्धारित समय भित्र आशय पत्र पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १७.५ आगामी आ.व.२०८१।०८२ को लागि प्रदेशमा माग गर्ने योजनाहरु सम्बन्धमा,**

**निर्णय नं. १७.५** यस नगरपालिका भित्रका निम्नानुसारका योजनाहरु आर्थिक वर्ष २०८१।०८२ को लागि लुम्बिनी प्रदेश का तपसिल सम्बन्धित मन्त्रालयहरुमा माग गरी पठाउने निर्णय गरियो।

| सि.नं. | योजनाको नाम | मन्त्रालय | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | कोशेली घर | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ५० लाख | स्थानीय उत्पादनको बजारीकरण र आन्तरीक पर्यटन प्रवर्द्धनको गर्ने, |
| २ | गौशाला | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ७५ लाख | नगर भित्र रहेका सबै छाडा चौपायाहरूको व्यवस्थापन गर्ने, |
| ३ | कृषि एम्बुलेन्स | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २५ लाख | स्थानीय उत्पादन वृद्धि गर्ने र कृषकहरुलाई सहज रुपमा सेवा प्रदान गर्ने, |
| ४ | पोषण मैत्री न.पा. कार्यक्रम सञ्चालन र (घोषणा सहयोग) | स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल | ५० लाख | २ वटा घोषणा उन्मुख रहेका र अन्य वडाहरुमा समेत कार्यक्रम सञ्चालन गरी पोषणमैत्री नगरपालिका घोषणा गर्नुपर्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नुपर्ने, |
| ५ | सिंचाईँ कार्यक्रम | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ५० लाख | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, |

**प्रस्ताव नं. १७.६ (५०/५०) लागत साझेदारीबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १७.६** चालु आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रममा रहेको (५०/५०) लागत साझेदारी रकमबाट योजनाहरुको कार्यान्वयनको लागि मितिः२०८०।१०।२५ गतेको कार्यपालिकाको बैठकबाट छुट्याईएको रु.६०,००,०००।– (साठी लाख) रकम मध्ये वडा नं. ४ मा निम्नानुसारका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो।

| सि.नं. | टोल | योजनाको नाम | बजेट रकम |
|---|---|---|---|
| १ | गजेहडा-१ | बर्गदियाको कुलो निर्माण | ६,००,०००।- |
| २ | गजेहडा-१ | बसहिया कुलो निर्माण | ६,००,०००।- |
| ३ | डुंगहवा | याम के.सी.को घरदेखि दक्षिण कुलो निर्माण | ६,००,०००।- |
| ४ | ठाकुरापुर | विद्युत सव स्टेशनदेखि मटेना कुलो निर्माण | ६,००,०००।- |
| ५ | झुँगा | तुल्सीरामको घरदेखि पूर्व निस्ता काष्ठ उद्योगसम्म कुलो निर्माण | ६,००,०००।- |
| ६ | ठाँटी | सामुदायिक भवन निर्माण | ६,००,०००।- |
| ७ | चम्किपुर | सामुदायिक भवन निर्माण | ६,००,०००।- |

| ८ | उप्टहवा | सामुदायिक भवन निर्माण बुराबाबा थान | |
|---|---|---|---|
| ९ | जितपुर | बुद्ध बाटिका पार्क निर्माण | ६,००,०००।- |
| १० | हरिहरपुर | ब्यासमुनी थारूको घर नजिक माईको थानमा सामुदायिक भवन निर्माण | ६,००,०००।- |

**प्रस्ताव नं. १७.७ कन्टिन्जेन्सी रकम खर्च सम्बन्धमा,**

**निर्णय नं.** १७.७ यस नगरपालिकाको कन्टिन्जेन्सी शिर्षक खातामा रहेको रकम देहाय बमोजिमको कन्टिन्जेन्सी योजना अनुसार खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | क्रियाकलाप | चालु खर्च | पूँजीगत खर्च | रकम |
|---|---|---|---|---|
| १ | योजना अनुगमन, मूल्याङ्कन तथा जाँचपास | ४००००० | | ४००००० |
| २ | प्राविधिक सामाग्री तथा उपकरण | | ५००००० | ५००००० |
| ३ | परामर्श सेवा | | ५००००० | ५००००० |
| ४ | प्राविधिक कर्मचारी पारिश्रमिक | | | |
| ५ | विवाद समाधान (योजना सम्बद्ध मध्यस्थता शुल्क, अदालती दस्तुर) | २००००० | | २००००० |
| ६ | योजना सम्बद्ध अध्ययन, अनुसन्धान | | २००००० | २००००० |
| ७ | बोलपत्र तथा आयोजना सम्बन्धी सूचना प्रकाशन | ३००००० | | ३००००० |
| ८ | योजना सम्बन्धी अभिमुखीकरण, क्षमता विकास | ३००००० | | ३००००० |
| ९ | योजना अनुगमन तथा निरिक्षण इन्धन खर्च | ४००००० | | ४००००० |
| १० | गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना खर्च | | १२५०००० | १२५०००० |
| ११ | योजनाको लागत अनुमान, डिजाइन, सर्भे | | ३००००० | ३००००० |
| १२ | योजनाको प्रभाव मूल्याङ्कन | २००००० | | २००००० |
| १३ | योजना सम्बन्धी कार्यमा तोकिए बमोजिमखाजा खर्च | २००००० | | २००००० |
| १४ | योजनामा प्रयुक्त सवारी मर्मत | ५०००० | | ५०००० |
| १५ | योजना अभिलेक व्यवस्थापन, खाता र रजिष्टर | २००००० | | २००००० |
| | जम्मा (चालु ४५%, पूँजीगत ५५%) | २२५०००० | २७५०००० | ५०००००० |

**प्रस्ताव नं. १७.८ विविध,**

**निर्णय नं.** १७.८ नगरपालिकाको विभिन्न पदमा रही सम्बन्धित सेवा र सेवाको अतिरिक्त आकस्मिक सेवा सञ्चालन बारूणयन्त्र सञ्चालनको लागि पालैपालो खटिने निम्नानुसारका कर्मचारीहरूलाई १ वर्षको दुर्घटना बिमा र अग्नि नियन्त्रणमा खटिँदा अघिल्लो आर्थिक वर्षसम्म खाईपाई आएको रु.५००।– खटिने प्रति कर्मचारी र सञ्चार वापत प्रतिमहिना रु.५००।– बारूण यन्त्र चालकलाई उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | राजेन्द्र भण्डारी | चालक |
| २ | कुविर हमाल | ह.स.चा. (सहायक) |
| ३ | खिमानन्द घिमिरे | सुरक्षा गार्ड (सहायक) |
| ४ | चुरामणि चौधरी | सुरक्षा गार्ड (सहायक) |
| ५ | बाबुराम मरासिनी | नगर प्रहरी (सहायक) |
| ६ | अभिषेक कुँवर क्षेत्री | नगर प्रहरी (सहायक) |
| ७ | खगेन्द्र भुसाल | नगर प्रहरी (सहायक) |
| ८ | शिवकुमार चौधरी | नगर प्रहरी (सहायक) |
| ९ | रतन बिक्रम शाही | नगर प्रहरी (सहायक) |